अनुसुची १

# खाँदबारी नगरपालिका

## नगर विकास योजना तर्जुमाका लागि मार्ग दर्शन २०७६ :

आगामी आ.व. २०७६।०७७ को लागि स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) लाई ध्यानमा राखी यस नगरपालिकाको वडा समितिको कार्यालय/विषयगत कार्यालय/शाखा/उपशाखा/इकाई/ नगरक्षेत्रमा कार्यरत सामाजिक संघ संस्थाहरुलाईसमेत निम्न बमोजिमको मार्ग दर्शन पठाइएको छ। सो मार्गदर्शनलाई विषेश ध्यानमा राखी योजना/कार्यक्रम तर्जुमा गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ बमोजिम गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु हुन समेत सूचित गरिन्छ।

**१.योजना तथा कार्यक्रम तर्जुमाका आधारहरु :**

योजना तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघिय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालिन खर्च संरचना, स्रोत साधन विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ, प्रदेश र नगरपालिकाले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु, चौधौं योजनाले अवलम्बन गरेका नीति, रणनीति, योजना र कार्यक्रमहरु आदिलाई प्रमुख आधारको रुपमा मान्नुपर्नेछ।

**२. योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्नेछ।**

**क)** आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

**ख)** उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

**ग)** जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

**घ)** स्थानीय सहभागीता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

**ङ)** स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

**च)** महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने,

**छ)** लैगिंक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने,

**ज)** दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

**झ)** भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

**ञ)** नगरपालिका, वडा समिति र विषयगत क्षेत्रले आवश्यकता महसुस गरेका अन्य विषयहरु

**<u>३) योजना तर्जुमा गर्दा निम्न विषयगत क्षेत्र समेट्ने गरी योजना कार्यान्वयन र बजेट तर्जुमा गर्नु पर्नेछ ।</u>**

**क) आर्थिक विकास :** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी वित्तिय जस्ता क्षेत्र समावेश गर्ने ।

**ख) सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द, लैंगिक समानता तथा सामाजिक समावेशीकरण ( महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

**ग) पूर्वाधार विकास :** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविधुत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन :** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

**ङ) सुशासन तथा संस्थागत विकास :** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतिय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

**<u>४. बस्ती तहका योजना छनौट गर्दा निम्नअनुसार गर्नुपर्नेछ ।</u>**

**क)** वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई विभिन्न बस्ती, टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

ख) प्रत्येक वडाले वडा भित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनुपर्नेछ ।

ग) वस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदाय ( महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

घ) टोल बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल बस्ती भित्रका कियाशिल सामुदायीक संस्थाहरु ( टोल विकास संस्था, आमा समूह, वाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी/ग्रैर सरकारी निकाय/कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु ) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ । वडा समितिले सबै बस्तीबाट आएका योजना/कार्यक्रमलाई माथी उल्लेख गरे बमोजिम सबै क्षेत्रहरुलाई समेट्ने गरी वडा स्तरिय प्राथमिकता निर्धारण गरी सो अनुसार योजना तथा कार्यक्रम छनौट गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्ने छ ।

## ५. विषयगत योजना तर्जुमा छनौट एंव प्राथमिकिकरण

यस मार्गदर्शनको बुँदा नं २ मा भएको प्राथमिकताको अतिरिक्त देहाय बमोजिम विषयगत योजना प्राथमिकरण गर्नु पर्दछ ।

क) विषयगत मन्त्रालयको नीति, योजना, कार्यक्रम र मार्गदर्शनलाई ध्यान दिनुपर्ने,

ख) वडा स्तरबाट आएका योजना/कार्यक्रमहरुलाई आ-आफ्ना विषयगत क्षेत्रमा समावेश गर्न प्राथमिकता दिने,

ग) कुनै विषयगत क्षेत्र, कार्यालय, सामाजिक संघ संस्था र नगरपालिकाको आफ्नो कार्यक्रमसंग दोहोरो नहुने गरी योजना/कार्यक्रम छनौट एंव प्राथमिकिकरण गर्ने,

घ) नतिजामूखी, धेरै जनसमुदायलाई लाभाम्बित तुल्याउने, गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुऱ्याउने योजना/कार्यक्रमलाई प्राथमिकता दिने,

ङ) माथि उल्लेख गरे अनुसार तयार भएको विषयगत योजना/कार्यक्रमहरु नगरपालिकाको विषयगत समितिहरुमा छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ ।

## ६. सामाजिक संघ संस्थाहरुलाई योजना तर्जुमा सम्बन्धी मार्गदर्शन :

क) आगामी आर्थीक वर्षलाई योजना/कार्यक्रम तर्जुमा गरी नगरपालिकाको आफ्नो विषय मिल्ने विषयगत शाखा र समितिहरुमा अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

ख) यस मार्गदर्शनको बुँदा नं. २ मा उल्लेखित प्राथमिकतालाई ध्यानमा राखी योजना/कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

ग) विषयगत शाखा, अन्य सामाजिक संघ संस्था, कार्यालय र नगरपालिकासंग समन्वय गरि योजना कार्यक्रममा दोहोपन नआउने गरी तर्जुमा गर्नु पर्नेछ ।

घ) आफ्नो संघ संस्थाको विषय मिल्ने नगरपालिकाको विषयगत समितिको योजना/कार्यक्रम तर्जुमा सम्बन्धी छलफलमा उपस्थित भई योजना कार्यक्रम पेश गर्नुपर्नेछ । यसरी पेश नभएका योजना/कार्यक्रमहरुलाई संचालन गर्न नगरपालिकाले रोक लगाउने छ ।

ङ) नगर क्षेत्रको कुनै वडा विशेषमा कुनै योजना कार्यक्रम संचालन हुने भएमा वडा स्तरीय योजना तर्जुमामा समेत कार्यक्रम पेश गर्नुपर्नेछ ।

च) बजेट तथा कार्यक्रम समितिले वडाबाट प्राप्त योजनाहरुलाई स्थानीय तहको आवधिक योजना, क्षेत्रगत नीतिहरु तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आयोजना प्राथमिकिकरण आधार तथा मार्गदर्शन बमोजिम योजनाहरुलाई विषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ७. आगामी आ.व.को लागी योजना तर्जुमा गदा निम्नानुसार गर्ने

- रु १ लाख भन्दा साना योजना/कार्यक्रममा छनौट नगर्ने,
- नगरको गौरवका योजनाहरु तोक्ने(रिङ्ग रोड, वडा केन्द्र र नगर केन्द्र जोडने, २ वा २ भन्दा वढि वडा जोड्ने ।
- १० लाख भन्दा माथिको योजना नगर स्तरीय हुने ।
- सडक निर्माणका क्षेत्रमा वडा कार्यालय देखि सदरमुकाम सम्म जोड्ने सडकलाई पहिलो प्राथमिकतामा राखी योजना तर्जुमा गर्ने, ट्र्याक ओपन भएका सडकको स्तर उन्नतीका लगी कार्यक्रम समावेश गर्ने ।
- सडकको सर्भे डिजाइन गरि एलाइन्मेन्ट निर्धारण भई सकेपछि डिजाइन भित्र परेका जग्गाहरुको लगत कट्टागरेपछि मात्र नया ट्र्याक खोल्ने प्रकृयालाई कडाईका साथ पालना गर्ने ।
- वडास्तरिय योजना तर्जुमा गर्दा विषयगत क्षेत्रहरु (आर्थिक विकास,समाजिक विकास,पुर्वाधार विकास,वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका क्षेत्रमा संतुलित रुपमा वजेट तथा कार्यक्रम विनियोजन हुनेगरि योजना/कार्यक्रम तर्जुमा गर्ने ।

- वडा भित्र रहेका टोल विकास संस्था लगायत समुदायमा क्रियाशिल संघ संस्थाहरुलाई परिचालन गर्ने गरि योजाना तथा कार्यक्रमहरु तर्जूमा गर्ने ।
- स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतका योजना तथा आयोजनाहरु तर्जुमा गर्ने ।
- विगत र चालु आ.व.मा (नगर विकास योजना) योजना वैकमा समावेश भएका योजना तथा कार्यक्रमहरुलाई आधार वनाई योजना तथा कार्यक्रमहरुको छनौट गर्नुपर्ने ।
- सार्वजनीक जग्गाहरुको संरक्षण र उपयोग वारे योजना निर्माण गर्ने ।

८. योजनाहरु वडा स्तरिय/नगर स्तरिय/प्रदेश स्तरिय/संघ स्तरिय/ सभाषद विकास कोष/विदेशी कुटनितिक नियोग एवं दातृनिकाय स्तरिय योजनाहरु छुट्याई नगर सभा समक्ष पेश गर्नु पर्ने ।